# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडहवा-३, विष्णुपुरा, रुपन्देही

प.सं. ०७५।७६ 	५ नं. प्रदेश, नेपाल

च.नं. 	मिति :२०७५।०६।०४

## सूचना ! सूचना !! सूचना !!!

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ खारेज भई नयाँ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५।०४।२३ देखि लागु भएको सन्दर्भमा सम्पूर्ण सम्बद्ध पक्षहरुको लागि यो सूचना जारी गरिएको छ ।

नयाँ कार्यविधिको परिच्छेद ३ को उपदफा २ मा "नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था वा नेपाल सरकारसँग सम्बन्ध स्थापित भएको मित्र राष्ट्र वा तिनका निकायबाट मासिक रुपमा तलब, भत्ता, पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा पाइरहेका व्यक्तिहरुले सामाजिक सुरक्षा पाउने छैनन" र सोही परिच्छेदको उपदफा ३ मा "उपदफा १ मा कुनै बालबालिकाको आमा वा बाबु मध्ये कुनै एक सरकारी वा औपचारिक सेवामा कार्यरत भएका वा कुनै व्यवसाय दर्ता गरी सञ्चालन गरिरहेको भएमा यो बालबालिका भत्ता प्राप्त हुने छैन" भनि उल्लेख भएनुसार वडामा यस प्रकारका सेवा सुविधा पाईरहेको र अव पाउने भनि लगत कायम भएका सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुले अब उप्रान्त सामाजिक सुरक्षा भत्ता प्राप्त नमिल्ने हुँदा ती लाभग्राहीहरुले आफ्नो वडामा स्वयम उपस्थित भई वा परिवारका सदस्यहरुलाई पठाई वा वडा सदस्यहरु मार्फत जानकारी गराई आफ्नो लगत कट्टा गर्नुहुन जानकारी गराईन्छ । साथै

यो सूचनालाई बेवास्ता गरी सामाजिक सुरक्षा भत्ता लाभग्राहीले भविष्यमा भत्ता प्राप्त गर्ने उद्देश्यले वडा कार्यालयमा लगत कट्टा गराउन नाम उपलब्ध नगराई भविष्यमा यस कार्यविधिको प्रतिकुल हुने गरी भत्ता प्राप्त गरेमा वा गराएमा कानुन बमोजिम भई भत्ता रकम समेत सम्बन्धित पक्षसँग असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

२०७५।६।४

टेकराज भट्टराई
प्रमुख प्रशासकिय अधिकृत